जिल्ला समन्वय समितिको कार्यालय
कास्की, पोखरा

प्रथम पटक प्रकाशित मिति २०७४/०२/२६ गते

ढुङ्गा, वालुवा, गिट्टी, रोडाको बिक्री तथा कर उठाउने ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र आह्वानको सूचना ।

जिल्ला समन्वय समितिको कार्यालय, कास्कीले स्थानीय स्वायत्त शासन ऐन (संशोधन सहित), २०५५ को दफा २१५ र २१८ तथा नियमावली (संशोधन सहित), २०५६ को र स्थानीय निकाय आ.प्र. नियमावली (संशोधन सहित), २०६४ तथा साविक जिल्ला विकास समितिको गत २५ औं जिल्ला परिषद्को निर्णय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. २०५ मिति २०७४।१।१९ र च.नं. ४१ मिति २०७४।१।२९ को प्राप्त पत्र/परिपत्र बमोजिम आगामी आ.व. २०७४/०७५ का लागि आन्तरिक आय संकलन गर्ने ठेक्कापट्टा बढावढको माध्यमबाट ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तपशिलका ५ वटा प्याकेजका ठेक्काहरु मध्ये आफुले इच्छाएको प्याकेजको ठेक्कापट्टा बन्दोवस्त गर्नको लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको रु ३०००। बोलपत्र फारम दस्तुर वुझाई वोलपत्र फाराम यस कार्यालयबाट खरिद गरी सूचना बमोजिम बोलपत्र दिने वा बढावढ बोलकबुल गर्ने बोलपत्रदाताले आफुले बोलकबुल गरेको कुल कबुल अंकको ५ (पाँच) प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको ने.रा.बैंक, पार्दीमा रहेको हि.नं. १८०४७०४-००१-०३०-५२४(३३०००२) को धरौटी खातामा जम्मा गरेको बैंक भौचरको सक्कल प्रति वा १२० (एक सय विस) दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) को सक्कल प्रति संलग्न राखी शिलवन्दी वोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मिति २०७४।०३।२६ गते दिनको १२.०० बजेभित्र यस कार्यालयमा पेश गर्नको लागि आन्तरिक आय संकलन सम्वन्धी यो सूचना सम्वन्धित सवैंको जानकारीको लागि प्रकाशित गरिएको छ ।

आय ठे.न.	घाटको नाम	मू.अ.कर एवं अग्रिम आय कर सहितको न्यूनतम अङ्क	मू.अ.कर एवं अग्रिम आय कर बाहेकको न्यूनतम अङ्क	घाट गद्धि गरी विक्री गर्नुपर्ने अनुमानित अधिकतम परिमाण (घ.मी.)मा	**बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय**
प्याकेज नं. १	सेती नदी रामघाट, पोखरा	२९९९९०००	२६२०००००	६२८८०	२०७४।३।२५ गते, अपरान्ह ५ बजेभित्र
प्याकेज नं. २	चुहिने पहरा पशुपति घमाउरे, खोरी, सैनिक, चमेरे, पुडिक्षेत्र(वनक्षेत्र उत्तर मात्र), पशुपति, मरयांगघाट सहितका ७ वटा घाटहरु	३८१५१०००	३३३१९६५१	१५४३५०	२०७४।३।२५ गते, अपरान्ह ५ बजेभित्र
प्याकेज नं. ३	लालटिन बजार कसेरे, पुरुन्चौरका दशखेत, ढाव, ढोडेनी घाट सहितका ४ वटा घाटहरु, मादि नदि	१९५५३०००	१७०७६८५६	३३१३०।२५	२०७४।३।२५ गते, अपरान्ह ५ बजेभित्र
प्याकेज नं. ४	मादि नदि क्षेत्रका माथिल्लो मादिघाट र सिद्ध क्षेत्र घाट) २ वटा घाटहरु	२७५००००	२४०१७४७	७१२५	२०७४।३।२५ गते, अपरान्ह ५ बजेभित्र

प्याकेज नं. ५	गडि घाट, साविक ले.न.पा.	१०१०१०००	८८२१८३५	२२६०	२०७४।३।२५ गते, अपरान्ह ५ बजेभित्र

नोट : ३० औं दिन वा ३१ औं दिनका दिन सार्वजनिक विदा पर्न गएमा ती दिनको भोलिपल्ट वा त्यस पछिका कार्यालय खुल्ने दिन भन्ने सम्झनु पर्नेछ ।

शर्त तथा बन्देजहरु :-

१. खरिद भएका बोलपत्रहरुको प्रत्येक पानामा बोलपत्रदाता वा निजको प्रतिनिधिको सहि,छाप र शिलबन्दी खाम बाहिर फर्मको नाम, ठेगाना र ठेक्काको नाम, कबुल गरेको घाटको नाम एवं प्याकेज नं. लेखि सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजेभित्र यस कार्यालयमा बोलपत्र पेश गर्नुपर्नेछ । तोकिएको समयभित्र कार्यालयमा दर्ता हुन आएका शिलवन्दी बोलपत्रहरु सोही दिनको २.०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्रहरु खोल्न बाधा पर्ने छैन,

२. यी ठेक्का संझौताको कार्यान्वयन अवधि संझौतामा तोकिएको परिमाण उठाउन लाग्ने समय वा बढिमा २०७५ आषाढ मसान्तसम्म मात्र रहनेछ । ठेक्का संझौता भएपछि संकलन एवं बिक्री गरेको परिमाणको विवरण राख्ने एवं सो को प्रतिवेदन गर्ने र भ्याट विजक जारी गर्ने कर्तब्य संझौता गर्ने बोलपत्रदाता/ठेकेदारको हुनेछ, तर उक्त विवरणको अभिलेख राखि कार्यालयमा पेश नगरी घाट उत्खनन गरेको पाइएमा जुनसुकै समयमा पनि तोकिएको परिमाण उत्खनन भएको मानी ठेक्का बन्दोवस्त संझौता स्वतः खारेज हुनेछ । साथै ठेकेदार र जि.स.स. बीच ठेक्का शर्त सम्वन्धमा कुनै विवाद उठेमा जि.स.स. को निर्णय अन्तिम हुनेछ । बोलपत्र स्वीकृत भई सम्झौता हुंदा वातावरण संरक्षण ऐन तथा नियमावली लगायत अन्य प्रचलित कानूनका प्रावधान, संझौताका शर्त तथा बन्देज समेत पालना गर्नु बोलपत्रदाता/ठेकेदारको कर्तब्य हुनेछ ,

३. ठेक्का स्वीकृत भए पछि गत विगतका जिल्ला परिषदले तोकेको कर बाहेकको न्यूनतम रकम बरावर नै बोलकबूल अंक कबुल गर्नेलाई शुरुमै सबै रकम बुझाए पनि कुनै रकम छुट दिइने छैन । तर, कर बाहेकको न्यूनतम रकम रु ४ लाखसम्म बढि बोलकबूल अंक गरेको भएमा न्यूनतम भन्दा बढि बोलकबूल गरेको अंकको १.५ प्रतिशत, कर बाहेकको न्यूनतम रकम भन्दा रु १० लाखसम्म बढि बोलकबूल अंक गरेको भएमा न्यूनतम रकम भन्दा बढि बोलकबूल गरेको अंकको २.५ प्रतिशत, कर बाहेकको न्यूनतम रकम रु १५ लाखसम्म बढि बोलकबूल अंक गरेको भएमा न्यूनतम भन्दा बढी बोलकबूल गरेको अंकको ३ प्रतिशत, कर बाहेकको न्यूनतम रकम रु २५ लाखसम्म बढि बोलकबूल अंक गरेको भएमा न्यूनतम भन्दा बढी बोलकबूल गरेको अंकको ३.५ प्रतिशत, कर बाहेकको न्यूनतम रकम रु ४० लाखसम्म बढि बोलकबूल अंक गरेको भएमा न्यूनतम भन्दा बढि बोलकबुल गरेको अंकको ४ प्रतिशत, कर बाहेकको न्यूनतम रकम रु ६० लाखसम्म बढी बोलकबूल अंक गरेमा न्यूनतम भन्दा बढि बोलकबूल गरेको अंकको ५ प्रतिशत, कर बाहेकको न्यूनतम रकम रु ६० लाखदेखि बढी बोलकबूल अंक गरेमा न्यूनतम भन्दा बढि बोलकबूल अंकको ५ प्रतिशत रकम छुट दिन सकिनेछ । तर, कुनै २ वा सो भन्दा बढी घाट वा कार्यको प्याकेजको ठेक्कामा एउटै बोलपत्रदाताको उच्च बोलकबूल अंक भई १ वा २ ठेक्काको प्याकेज मात्र सकार गर्ने र अन्य प्याकेजको ठेक्काको संझौता नगर्ने बोलपत्रदातालाई सबै ठेक अंक एकमुष्ट बुझाए पनि कुनै रकम छुट दिइने छैन । छनौट भएको बोलपत्रदाताले आफूले बोलकबूल गरेको एकमुष्ट रकम बुझाएपछि वा बोलकबूल गरेको सबै रकम एकमुष्ट बुझाउन नसकेको अवस्थामा, कम्तिमा ठेक्का संझौताको ५० प्रतिशतले हुने रकम, अग्रिम आयकर तथा मु.अ.कर बापतको रकम समेत यस कार्यालयको खातामा जम्मा गरेपछि र ठेक्का सम्झौताका बखत बँकि ५० प्रतिशत सम्मले हुने रकम बरावरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकबाट १२० (एक सय विस) दिन म्याद भएको शर्तरहित (Unconditional)कार्यसम्पादन जमानत (Performance Bond Guarantee) पेश गरेपछि मात्र ठेक्का बन्दोवस्तको संझौता गरिनेछ । वांकि रकम बापतको बैंक ग्यारेण्टि राखेको भए पनि ५० प्रतिशतसम्मले हुने बाँकि रकम ०७४ पौष मसान्त भित्रमा अनिवार्य रुपमा कार्यालयमा बुझाउनु पर्नेछ, अन्यथा कार्यसम्पादन जमानत (बैंक ग्यारेन्टि) बापतको रकम जि.स.स.ले सम्वन्धित बैंकलाई पत्र लेखि आफ्नो खातामा रकम जम्मा गर्ने कार्य प्रकृया अगाडि बढाउनेछ । ठेक्का अवधि समाप्त भएपछि धरौटी फिर्ता लिन वा बैंक जमानत फिर्ता लिन आन्तरिक राजश्व कार्यालयवाट कर चुक्ता प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ,

४. तोकिएको किस्ताको रकम तोकिएको म्याद भित्र नबुझाएमा जि.स.स. को तर्फवाट बांकि रहेको किस्ताको रकम बैंकको कार्यसम्पादन जमानतवाट असुल उपर गर्ने गरी प्रक्रिया अगाडि बढाइनेछ । असुल गर्न वांकि रकममा १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकि सरह असुल उपर गरिनेछ ,

५. घाटसम्म जाने बाटोको निकास आफैं व्यवस्थापन गर्ने जिम्मेवारी स्यम बोलपत्रदाताको हुनेछ । कार्यालयवाट बिक्री भएको बोलपत्र फाराम भरी पेश नगरेको, बोलपत्रदाता वा निजको प्रतिनिधिको सहिछाप नभएको, शर्त सहित पेश गरेको, हुलाक मार्फत पठाएको, रित नपुगेको, तोकिएको म्यादभित्र कार्यालयमा पेश/दर्ता नगरेको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ,

६. नदी किनार तथा आसपासका बनस्पती र जीवजन्तुलाई असर नपर्ने गरी राष्ट्रिय लोकमार्ग र सहायक लोकमार्गका दायाँ बायाँ निषेधित स्थान वाहेक तोकिएको स्थानवाट मात्र नदीको बहाव प्रभावित नहुने गरी सूर्योदयदेखि सूर्यास्तसम्म मात्र सामान संकलन गर्न पाइनेछ । हावा चलेको वेलामा, पानी चुहिने गरी, धुलो उड्ने गरी , ओभरलोड हुने गरी ढुवानी गर्न निषेध गरिएकोछ ।

७. पुल, कजवे तथा कल्भर्टवाट दुवै तर्फ, राष्ट्रिय लोकमार्गमा पर्ने मोटरेवल पुलहरुको ५०० मिटर अपस्ट्रिम र ५०० मिटर डाउन स्ट्रीम सम्म ढुङ्गा, रोडा, ग्राभेल, गिट्टी र वालुवा निकाल्न निषेध गरिएको छ ,

८. नदीजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक राजमार्गलाई असर पर्ने गरी सडक निर्माण गर्न पाइने छैन र असर नपर्ने गरी निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च बोलपत्रदाता स्यमले व्यहोर्नुपर्नेछ ,

९. ढुङ्गा, ग्राभेल, गिट्टी, रोडा र वालुवा समेतको कारोवार गर्दा वालश्रम प्रयोग गर्न निषेध गरिएको छ । वातावारणमा प्रतिकूल असर पर्ने प्रविधि अपनाउन पाइनेछैन । मजदुरको ज्यालाको हकमा जिल्ला दररेटमा कम नहुने गरी ज्याला दिनु पर्नेछ ,

१०. संकलन गर्ने करका दरहरु वोलपत्र फाराम साथ उपलब्ध गराइनेछ,

११. स्वीकृत घाट क्षेत्रमा ढुङ्गा, गिट्टी, रोडा, चोकर, वालुवा आदि उत्खनन एवं संकलन कार्यमा मेशिन प्रयोग गर्न निषेध गरिएको छ,

१२. नदि, खोला, वगर एवं सार्वजनिक आवागमनमा वाधा हुने गरी संकलित सामान जम्मा गर्न पाइनेछैन ,

१३. स्थानीयस्तरमा पर्न सक्ने वातावरणीय प्रभावलाई न्यूनिकरण गर्न पर्यावरणीय दस्तूर वापत स्थानीय विकास सेवा शुल्क लगाउन सकिनेछ ,

१४. वोलपत्रका सम्वन्धमा थप केही वुझ्नु परेमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरी वुझ्न सकिने छ । साथै विस्तृत विवरण वोल पत्र फाराम साथ उपलब्ध गराइनेछ ,

१५. आ.व. २०७४/०७५ का केहि महिना नेपाल सरकारको निर्णयले घाट वन्द भएमा कार्य समयावधि सोहि वमोजिम कायम हुनेछ र उल्लेखित परिमाण सोहि समयावधिमा विक्री गर्नु पर्नेछ । त्यसका लागि वोलपत्रदाताले कुनै क्षतिपूर्ति वा हर्जनाको माग गर्न पाउने छैन ,

१६. जिल्लास्तरीय अनुगमन तथा समन्वय समितिको निर्णय वमोजिम निर्धारण गरिएको क्षेत्रमा ठेकेदार आफैले संकलित सामाग्रीको घाटगद्धी गरेर मात्र विक्री वितरणको व्यवस्था मिलाउनु पर्नेछ । घाटगद्धी गर्दा लाग्ने खर्च ठेकेदार स्वयंले नै व्यहोर्नु पर्नेछ ,

१७. वोलपत्रदाताले ढुङ्गा, गिट्टी, वालुवा, रोडा विक्री गर्दा उक्त आ.व. को लागि जिल्ला दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट भन्दा बढि हुने गरी विक्री गर्न पाउने छैन ,

१८. वोलपत्रदाताले आफूले निकासी गरेको परिमाणको विक्री विवरण अनिवार्य रुपमा जिल्ला समन्वय समितिमा मासिक रुपमा पेश गर्नुपर्नेछ ,

१९. संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित विषयहरु, पालना गर्नुपर्ने शर्तहरु, जोखिम न्यूनिकरणका लागि तोकिने मापदण्डहरु, प्रत्येक क्षेत्रबाट उठाउन सकिने प्राकृतिक स्रोत ढुङ्गा, वालुवा, गिट्टी, ग्राभेल, रोडाको परिमाण समेतका विषयहरु सोही IEE प्रतिवेदनले निर्दिष्ट गरे वमोजिम हुनेछन्, तिनको पालना गर्नु बोलपत्रदाताको कर्तव्य हुनेछ ,

२०. धरौटी रकमको हकमा कर सहितको रकमको तोकिएको प्रतिशतले हुन आउने रकम बुझाउनु पर्नेछ, तर कुनै कारणवस धरौटी रकम कम देखिएमा सम्मानित पुनरावेदन अदालतले दिएको फैसला नजिरको आधारमा नपुग धरौटी थप्न लगाएर पनि सवै भन्दा बढि कवोल गर्ने प्रस्तावदाताको ठेक्का सदर गरिनेछ ,

२१. नदि खोलामा जे.सि.भि. चलाउन वा पानीको बहावलाई प्रभाव पार्ने गरी अस्थायी पुल वा ह्युम पाइप राख्न पाइने छैन । सो प्रयोजनको लागि जि.स.स. ले कुनै अनुमति दिनेछैन । नदि वा खोलाको वारीपट्टी भएको माल वारीपट्टी बाटै र पारीपट्टी भएको माल पारिपट्टी बाटै बाटो आफै व्यवस्था गरी ठेकेदारले लैजाने गरी व्यवस्था मिलाउनु पर्नेछ ,

२२. घाटक्षेत्रबाट बिक्री हुने ढुङ्गा, गिट्टी, रोडा, बालुवाको हकमा प्रति वर्ग फिट रु २।- (प्रति घनमीटर रु ७१) निकासी कर तथा तोकिएको विक्री कर भन्दा बढी रकम संकलन गर्न पाइनेछैन । यदी संकलन गरेको पाईएमा कानुन बमोजिम हुनेछ,

२३. साविकको जिल्ला विकास समिति (जि.वि.स.) हाल जिल्ला समन्वय समिति (जि.स.स.) (कार्यालय) भएकोले यि दुवै शब्दले एउटै समिति (कार्यालय) भन्ने बुझिनेछ ।यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून वमोजिम हुनेछ । नेपाल सरकार र जि.स.स. ले समय समयमा दिएका निर्देशनहरु पालन गर्नु बोलपत्रदाता/ठेकेदारको कर्तव्य हुनेछ ।

बोलपत्र फारम पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु :

- ठेक्कापट्टाको कार्य गर्न नविकरण भएको इजाजत पत्रको प्रमाणित प्रतिलिपि
- स्थायी लेखा नं. र मु.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

.....
स्थानीय विकास अधिकारी
जिल्ला समन्वय समितिको कार्यालय, कास्की